बैठक नं : ३२

आज मिति २०७६साल असार ०९ गते बिहान ३ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | मनकला |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री डिल्ली राज वेल्बासे | प्रमुख प्रशासकिय अधिकृत) | [signature] |
| | आमन्त्रित गौरी कण्डारी, संयोजक आदिवासी किसान समिति | | [signature] |
| १ | श्री दल वहादुर घर्ती | कार्यक्रम अधिकृत | |
| २ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| ३ | श्री सुर्य प्रसाद लम्साल | सुचना प्रविधि अधिकृत | [signature] |
| ४ | डम्वर वहादुर विष्ट | लेखापाल | |
| | | | |
| | | | |

Scanned by CamScanner

निर्णयहरु

१. भोली मिति २०७६/३/१० गते सँचालन गरिने पाँचौ नगरसभाको कार्यसुचि निम्नानुसार रहने जानकारी भयो ।

कार्यक्रम सँचालन तालिका

सभा प्रारम्भ : मिति २०७६/३/१०गते समय ४: बजे
कार्यक्रम सँचालन : भरत कुमार शर्मा

खण्ड – क

१. सभाध्यक्ष : नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती
२. अतिथी :
– प्रमुख अतिथी : प्रदेश माननीय साँसद श्री गणेस प्रसाद सिंह
– विशेष अतिथी : प्रदेश माननीय साँसद श्री कृष्णा शाह
– विशेष अतिथी : जि.स.स. प्रमुख श्री मन वहादुर रावल
३. शहिदहरुप्रति १ मिनेट मौनधारण
४. राष्ट्रिय गान
५ झण्डोतलन : विशेष अतिथी प्रदेश माननीय साँसद श्री कृष्णा शाह
६. कार्यक्रम उद्घाटन : प्रमुख अतिथी प्रदेश माननीय साँसद श्री गणेस प्रसाद सिंह
७. मन्तव्यको कार्यक्रम
– स्वागत मन्तव्य मार्फत : प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली राज बेल्वासे
८ शुभकामना तथा धारणा मन्तव्य :
– : विशेष अतिथी प्रदेश माननीय साँसद श्री कृष्णा शाह
– प्रमुख अतिथी प्रदेश माननीय साँसद श्री गणेस प्रसाद सिंह
– नगर प्रमुखबाट धारणा मन्तव्य सहित उद्घाटन शत्र समापन

खण्ड – ख

१ सभाध्यक्षको आदेशानुसार कार्यसुचि सहित हाउस सुचारु

| सि.नं. | कार्यसुचि | कस्ले गर्ने | समय |
|---|---|---|---|
| १. | भेरी नगर पालिकाको आ.व.०७६/७७ को नीति,कार्यक्रम तथा बजेट बक्तव्य प्रस्तुतिकरण | उप–प्रमुख श्री भावना भण्डारी | |
| २. | नीति,कार्यक्रम तथा बजेट बक्तव्यमा छलफल | सभा सदस्य सवै | |
| ३. | टिप्पणी र सुझावलाई समाहित गरी नीति,कार्यक्रम तथा बजेट पारित | सभा सदस्य सवै | |
| ४. | अर्थ विधेयक प्रस्तुत ,छलफल | प्र.प्र.अधिकृत श्री डिल्ली राज बेल्वासे | |
| ५. | विनियोजन विधेयक प्रस्तुत,छलफल | प्र.प्र.अधिकृत श्री डिल्ली राज बेल्वासे | |
| ६. | लेखा समितिको प्रतिवेदन प्रस्तुत | लेखा समितिको संयोजक श्री दिपक राना ( कार्यपालिका सदस्य) | |

२. टिप्पणी , समिक्षा र संश्लेपण मन्तव्य सहित सभाध्यक्ष नगर प्रमुखबाट बजेट अधिवेशन समापन

Scanned by CamScanner

२.आगामी आ.व.कोलागि पाँचौ नगरसभामा पेश गरिने नीति,कार्यक्रम तथा बजेट निम्नानुसार पेश गर्ने ।

आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट:

सभाध्यक्ष महोदय,

प्रमुख अतिथी, प्रदेश सभा सदस्य माननीय गणेश प्रसाद सिंहज्यू,

विशेष अतिथी, प्रदेश सभा सदस्य मानीय कृष्णा शाहज्यू

अतिथी जिल्ला समन्वय समितिका प्रमुख मन बहादुर रावलज्यू

उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,

पत्रकार महासंघका सभापतिज्यू, लगायत अन्य आमन्त्रित महानुभावहरु ,

यस सम्मानित सभा समक्ष आगामी आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । सर्वप्रथम राष्ट्रियता, स्वाभिमान, आत्मसम्मान र राजनीतिक परिवर्तनका लागि जीवन बलिदान दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । त्यसैगरी देशको परिवर्तनकामी आन्दोलनमा संघर्ष गर्ने महान नेपाली जनता र यसको अगुवाई गर्ने सबल नेतृत्वप्रति हार्दिक सम्मान एवं श्रद्धा सुमन व्यक्त गर्दछु।

" सुखि नेपाली, समृद्ध नेपाल" राष्टिय आकांक्षालाई आत्मसात गर्दै भेरी नगरपालिकाको दिर्घकालीन लक्ष्य अनुरुप आर्थिक सामाजिक विकाससंगै समृद्धिको बाटोमा अग्रसर हुदै उपलब्ध श्रोत साधनको न्यायपूर्ण वितरण तथा ठोस र प्रभावकारी कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनबाट नगरवासीको समृद्धितर्फको गन्तव्य तय हुने मूल मान्यताकासाथ आगामी आ.व.को नीति, कार्यक्रम र बजेट तर्जुमा गरेको छु ।

"आफनो नगर आफै बनाउँ" भन्ने ध्येयकासाथ समृद्ध नगर निर्माणका लागि उपलब्ध मानवीय, भौतिक, प्राकृतिक तथा वित्तिय श्रोतको उच्चतम परिचालन गर्ने गरी बजेट निर्माण गरेको छु ।

अध्यक्ष महोदय

गत आ.व. मा नगरपालिकाले तर्जुमा गरेको नीति कार्यक्रम र बजेट अनुसार हालसम्म हासिल गरेको प्रगति संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु । चालु आ.व. मा कुल बजेट रु ५८करोड६१लाख५२ हजार १ सय ३३ मध्ये पूंजीगततर्फ रु.२३ करोड ५४ लाख ३६ हजार १ सय ३३ र चालुतर्फ रु ३५ करोड ७ लाख १६ हजार विनियोजन गरिएकोमा उक्त बजेट तथा कार्यक्रमबाट क्षेत्रगत रुपमा हासिल भएका उपलब्धीहरु संक्षिप्त रुपमा निम्न अनुसार उल्लेख गर्न चाहन्छु ।

अध्यक्षमहोदय,

**आर्थिक विकास क्षेत्र:**

चालु आ.व.मा लक्ष्य अनुरुप राजश्व असुली सन्तोषजनक नरहेता पनि गत आ.व.को तुलनामा यस आ.व.मा राजश्व असुली दर बृद्धि भएको छ ।

१. पूंजीगत खर्चतर्फ निशर्त अनुदान १२ करोड ६१ लाख ३१ हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्म कुल विनियोजित रकमको ४९ प्रतिशत बजेट खर्च भएको ।

कृषि क्षेत्रको प्रवर्द्धन गर्न कुदुमा आँप, अंगुर र लिची पकेट क्षेत्र, कालेगाउँ, रिसांग, भेरे, मटेला इवर र आलीमा तरकारी खेती पकेट क्षेत्र, बोहरा र पुन्मामा केरा खेती पकेट क्षेत्र होलुखोला फेरा र



Scanned by CamScanner

साँधेचौरमा धान र गहु पकेट क्षेत्र, मैदे र रिसांग मौरी पकेट क्षेत्र, तिलंगे, पोखरा र कालाभुरमा मकैको बीउ उत्पादन पकेट क्षेत्र, तिमिले र पोखरामा कागति र सुन्तला पकेट क्षेत्र तथा पुन्मा भुर र खलंगामा अलैची क्षेत्र घोषणा गरी सोही अनुसार क्षेत्रगत क्रियाकलापहरु संचालन गरिएका छन् ।

२. यस नगरपालिकाको ऐतिहासिक स्थल खलंगा दरवार क्षेत्रलाई नेपालका १०० गन्तव्य स्थानभित्र समावेश गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सो क्षेत्रको संरक्षण तथा प्रबर्द्धनका लागि पुरातत्व विभागको सहयोग, समन्वय र सहकार्यमा **दरबार क्षेत्र संरक्षण तथा प्रबर्द्धन गुरुयोजना निर्माण** कार्य अन्तिम चरणमा पुगेको छ । यसै गरी ऐतिहासिक तथा धार्मिक महत्वको स्थान वडा नं.६ को मछाईनामा मालिका क्षेत्र विकास गुरुयोजना निर्माणाधिन अवस्थामा रहेको छ । भने उक्त स्थानसम्म पुग्नको लागि खलंगा नेटीबजार मछाईना सडकको ट्र्याक खन्ने काम सम्पन्न भईसकेको छ । यसै गरी मालिको क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न नगरप्रमुखको संयोजकत्वमा गठन भएको मालिका पर्यटन विकास तथा प्रवर्द्धन समिति-२०७५ ले आफ्नो कार्यलाई निरन्तरता दिइरहेको छ ।

चालु आ.व. मा पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु ३५ लाख बजेट बिनियोजन गरिएकोमा ८० प्रतिशत रकम खर्च भईसकेको छ । उक्त बजेटबाट दरवार क्षेत्र संरक्षणको लागि आवश्यक कार्यहरु भईरहेका छन भने शिवालय क्षेत्रमा पदमार्ग निर्माण गरिएको छ ।

३ सहकारी क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन तथा सुदृढिकरणका साथै नियमन कार्यका लागि यस नगरपालिकाले सहकारी ऐन, २०७४ बमोजिम सहकारी प्रबर्द्धन तथा व्यवस्थापन कार्यविधि, २०७५तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

**सामाजिक विकास क्षेत्रः**

चालु आ.व.मा सामाजिक विकास क्षेत्रतर्फ निशर्त अनुदानबाट रु २ करोड ४ लाख ६५ हजार विनियोजन गरिएकोमा हालसम्म विनियोजित बजेटको ६० प्रतिशत रकम खर्च भएको छ ।

४. शिक्षाको गुणस्तर सुधारका लागि नगर क्षेत्रभित्रका प्रत्येक वडाबाट एक विद्यालय पर्ने गरी टकिङ टिचर कार्यक्रम संचालन भईरहेको छ । त्यसैगरी पहिलो पटक आधारभुत तह कक्षा ८ को नगरस्तरीय परीक्षा सम्पन्न गरिएको छ । शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाउन ६ वटा विद्यालयहरुमा कम्प्युटर तथा सोलार सिष्टम खरिदमा अनुदान सहयोग गरिएको छ भने यो अभियानलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ ।

५. स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन नगरका ७ स्थानमा प्रथम मेयर घुम्ती शिविर संचालन गरी २३९५ नागरिकलाई सेवा प्रदान गरिएको छ । नगर क्षेत्रभित्र रहेको जिल्ला अस्पतालको सेवा प्रवाहलाई पारदर्शी र व्यवस्थित बनाउन रु. ६ लाख खर्च गरीसफ्टवेर जडान गरिएको छ । नगर क्षेत्र भित्रका सबै स्वास्थ्य चौकीहरुमा औषधि तथा स्वास्थ्य उपकरण खरिद तथा जनशक्ति व्यवस्थापनमा सहयोग गरिएको छ । एक एक पाईला, पहाडी क्षेत्र विकास अभियान र नगरपालिकाको साझेदारीमा विशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य शिविर संचालन गरिएको छ । उक्त शिविरमा स्वास्थ्य परिक्षण गराउनेजम्मा ६५०० जना विरामीहरुमध्ये २०२ जना आँखा, २४ जना कान, १७५ जना दाँतका



Scanned by CamScanner

विरामीलाई सल्यक्रिया उपचार गरिएको थियो भने जटील प्रकारको अप्रेशन गर्नु पर्ने ८१ जना विरामीलाई निशुल्क उपचारका लागि बाहिर रिफर गरिएको थियो ।

मुटुरोगका विरामीहरुको छनौट शिविरमा नगरपालिकाले सहयोग गरेको थियो जसबाट ५ जना विरामीले निशुल्क शल्यक्रिया उपचार सेवा पाएका थिए ।

नगर क्षेत्रभित्रका स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य उपचार सम्बन्धी तालिम दिईएको छ ।

६. खानेपानी तथा सरसफाई क्षेत्रमा करिव १ करोड ५ लाख बजेट विनियोजन भई विभिन्न क्रियाकलापहरु संचालन गरिएकोमा सबै कार्यहरु सम्पन्न भईसकेका छन् । खलंगा बृहत खानेपानी सह लगानी आयोजनाको निर्माण सम्पन्न गर्न उपभोक्ताहरुले गर्नुपर्ने योगदान बापतको रकम जुट्न नसकी समस्या उत्पन्न भएकोले नगरपालिकाले आवश्यक बजेट व्यवस्था गरी आगामी आ.व.भित्र उक्त आयोजना सम्पन्न गर्ने पहल शुरु गरेकोछ । त्यसै गरी कुदु डिप बोरिंगखानेपानी आयोजना र भुरमा बृहत खानेपानी आयोजना निर्माण भईरहेका छन् ।

७. नगर क्षेत्र भित्र खेलकुद क्षेत्रको विकास तथा सुदृढकरण गरी युवाहरुको आकर्षण बढाउन प्रथम पटक नगरस्तरीय राष्टपति रनिङ शिल्ड सम्पन्न गरिएको छ । त्यसै गरी वडा नं. ६ को भालिका युवा क्लव, जाजरकोटको आयोजनामा विद्यालय स्तरीयखेलकुद प्रतियोगिता संचालन गरिएका छ ।

८. लैंगिक समानता तथा समावेशीकरण क्षेत्रतर्फ विनियोजन गरिएको बजेटबाट १३ वटै वडामा वडा स्तरीय महिला हिंसा, वाल विवाह न्यूनिकरण सम्बन्धी अभियानहरु संचालन गरिएका छन् । छुवाछुत मुक्त नगर घोषणाका लागि जातिय विभेद विरुद्धको अभियान संचालन भएको छ ।

**पूर्वाधार विकास क्षेत्र:**

चालु आ.व.मा यस क्षेत्रमा रु ५ करोड ९० लाख ८७हजार बजेट विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म .......प्रतिशत काम सम्पन्न भई रकम भुक्तानी भईसकेको छ भने आ.व. को अन्त्यसम्म लक्षित गरिएका सबै पूर्वाधार निर्माण सम्पन्न हुने अवस्था रहेकोछ ।

९. सडकतर्फ नेटीबजार पौरेना देखि लक्ष्मी माविसम्मको सडक, झारकटेरी देखि गाँडेबाँज सडक, स्याउली बजार देखि काफलचौर जोडने सडक, फेरा देखि वडा नं. ११ को वडा कार्यालयसम्मको सडक आदि ट्रयाक खोल्ने कार्य सम्पन्न भईसकेको छ । यसै चालु आ.व.मा शान्तिचौतारा बसपार्क देखि पुरानो कर्मचारी मिलन केन्द्रको गेट हुँदै गैरीखाली जाने सडक पक्की निर्माण कार्य सम्पन्न भईसकेको छ । गैरीखाली देखि ठाँटी हुदै जिल्ला अस्पताल जोड्ने सडक, भुरचौर स्याउली सडक र गनागाउँ नेटीबजार सडक निर्माणाधिन अवस्थामा रहेका छन् ।नगरपालिकाको कार्यालय भवन, वडा नं. ९ को शिवशक्ति प्रा.वि. को भवन, वडा नं. ७ को मिथेंग्रामा सहकारी भवन र विभिन्न वडाहरुमा खोपकेन्द्र निर्माण कार्य भईरहका छन् ।

१० वातावरण तथा विपद् व्यवस्थापनतर्फ नगरस्तरीय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ र स्थानीय विपद् कोष संचालन कार्यविधि, २०७५ तर्जुमा गरी कार्यान्वयनको थालनी गरिएको



Scanned by CamScanner

छ । विपद जोखि न्यूनिकरणका लागि नदी कटानको असर कम गर्न तँडबन्ध निर्माण, पहिरो नियन्त्रण बृक्षारोपण जस्ता क्रियाकलापहरु संचालन गरिएका छन् भने आगलागि, बस दुर्घटना आदि विपदहरुमा समेत नगरपालिकाले सहयोग गरिरहेको छ । गत बर्ष पहिरो गएको स्थान वडा नं. ३ को ठाँटी र वडा नं. ४ को शान्तिचौतारा देखि पुरानो रेडक्रस भवनसम्मको बाटोमा संघीय सरकारको सहयोगमा पहिरो नियन्त्रणको कार्य भईरहेको छ ।

११ फोहर मैला तथा ढल व्यवस्थापनतर्फनगरपालिकाले आफ्नै ट्रयाक्टर खरिद गरी डम्पिङ साईट सम्म बजार क्षेत्रको फोहर लैजाने व्यवस्था यसै चालु आ.व. देखि शुरु गरेको छ ।वडा नं. ४ को बजार क्षेत्रबाट बगेर जाने ढल खहरेखोलामा विसर्जन हुने व्यवस्था गरिएको छ भने वडा नं. ३ र ४ को वडा समितिहरुको अगुवाईमा साप्ताहिक रुपमा टोल सरसफाई अभियानको थालनी गरिएको छ ।

१२. सर्वाङ्गीन विकासमा समुदायलाई उत्प्रेरित गरी सशक्त, उत्तरदायी र जवाफदेही नागरिक तयार गर्न टोल विकास समिति गठन गरी समुदाय परिचालन गर्न सहकर्मी समाजको साझेदारीमा समुदाय सशक्तिरण कार्यक्रम शुरु गरिएको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रः**

चालु आ.व.मा यस क्षेत्रमा रु १करोड४८ लाख बजेट बिनियोजन गरिएकोमा,

१३. जेठ मसान्तसम्म ८५प्रतिशत बजेट खर्च भईसकेको छ भने उक्त बजेटबाट लक्षित गरिएका क्रियाकलापहरुमा नगर विकास रेडियो गतिविधि कार्यक्रम, सार्वजनिक सुनुवाई कार्यक्रम, आयोजनागत जनलेखा परिक्षण जस्ता क्रियाकलापहरु संचालन भएका छन्। सबै वडाका वडा प्रोफाईल तयार गरिएको छ । राजश्व संकलनका लागि सबै वडामा सफ्टवेयर जडान गरी सेवा सुचारु गरिएको छ । लक्षित गरिएका क्रियाकलापमध्ये कारणवसः राजश्व अध्ययन हुन सकेन ।

१४. जनप्रतिनिधीहरुलाई नगरपालिकाले तर्जुमा गरेको ऐन, नियम तथा कार्यविधि, कार्यविधि निर्देशिकाको बारेमा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । साथै नगर क्षेत्रभित्र सम्पादन गरिने कार्यमा थप प्रभावकारीता ल्याउन, व्यवस्थापन सुदृढिकरण र कार्य सम्पादन सहजीकरण तथा सवलीकरणका लागि चालु आ.व. मा भेरी नगरपालिकाको विभिन्न क्षेत्रसंग सम्वन्धित ४ वटा ऐन, १वटा नियमावली, र ८ वटा कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरी लागु गरिएको छ ।

१५. न्यायिक क्षेत्रः

न्यायिक समितिको कार्य सम्पादनलाई सहयोग पुऱ्याउन २६ जनालाई मेलमिलापसम्बन्धी ४८ घण्टे तालिम दिई सूचिकृत गरिएको छ । यसबाट समुदाय स्तरमा हुने विवाद स्थानीय स्तरमा नै समाधान भई शान्ति अमन चयनकायम गर्न मद्धत पुग्ने अपेक्षा गरिएको छ ।

अध्यक्ष महोदय,

१६ अव म आगामी आ.व. २०७६।७७ को नीति, कार्यक्रम र बजेटका उद्धेश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्धेश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

Scanned by CamScanner

(क) नगर क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको मौलिक हकको रुपमा रहेको आधारभुत आवश्यकता परिपूर्ति गर्दै चरम गरिवी विपन्नता पछौटेपनलाई अन्त्य गर्न आधारहरु खडा गर्ने,

(ख) स्थानीय स्रोत साधन र क्षमताको उच्चतम उपयोग गर्दै नगरको समृद्धिमा अगाडी बढ्ने,

(ग) दिगो सामाजिक, आर्थिक तथा भौतिक संरचनाको निर्माण गरी समुन्नत, समृद्ध नगर निर्माण उन्मुख हुने,

**अध्यक्ष महोदय,**

१७. आगामी आ.व. को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा निम्न नीतिगत आधार लिइएको व्यहोरा जानकारी गराउदछु ।

**नीतिगत आधारहरु:**

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- दिगों विकास लक्ष्यहरु
- राष्ट्रिय योजना आयोग, संघीय तथा प्रदेश सरकाबाट प्राप्त नीतिगत मार्ग दर्शनहरु
- वाल मैत्री स्थानीय शासन कार्यान्वयन रणनीति तथा कार्यविधि
- वातावरण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि
- विगतका नगर सभाका नीतिगत र योजनागत निर्णयहरु
- वस्ती स्तर तथा वडा स्तर र विषयगत समितिका सिफारिस
- भेरी नगरले तर्जुमा गरी कार्यान्यनमा ल्याएका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु

आ.व. २०७६।७७ को बजेट तर्जुमा गर्दा लिईएका प्राथमिकताका आधारहरु देहाय बमोजिम रहेका छन्:

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडीएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने
- दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने
- राष्ट्रिय तथा जिल्ला स्तरीय अभियानका लक्ष्य पूरा गर्न सहयोग पुग्ने
- रणनीतिक योजनाहरु र सार्वजनिक प्रतिवद्धता पूरा गर्नु पर्ने योजनाहरु

अध्यक्ष महोदय,



Scanned by CamScanner

१८. अब म यस नगरपालिकाको आगामी आ.व. को लागि प्राप्त बजेटश्रोतको बारेमा जानकारी गराउने अनुमति चाहन्छु,

संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण निशर्त अनुदान रु ११ करोड ७६ लाख, सशर्त अनुदान २० करोड ४० लाख, राजश्व बाँडफाँडबाट १० करोड ३ लाख गरी जम्मा ४२ करोड १९ लाख र प्रदेश अनुदातर्फ निशर्त अनुदान रु १ करोड ३ लाख ८ हजार र राजश्व बाँडफाँडतर्फ ११ लाख ९३ हजार गरी जम्मा १ करोड १५ लाख १ हजार तथा नगरपालिकाको आन्तरिक श्रोत रु १ करोड२५ लाख अनुमान प्रक्षेपण गरी कुल जम्मा रु ४४ करोड५९ लाख १ हजार बराबरको बार्षिक बजेट पेश गरेको छु । जसको शिर्षक अनुसारको विस्तृत तथाक्षेत्रगत बाँडफाँड तथा पूँजीगत खर्चको विवरण बिनियोजन ऐन, २०७६ को अनुसूचीमा उल्लेख गरेको छु ।

१९. उपलव्ध स्रोत साधनको न्यायोचित वितरणबाट सन्तुलित तथा समावेशी विकास होस् भन्ने उद्धेश्यले बजेट बाँडफाँड गर्दा बस्तुगत आधारमा गरिनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै क्षेत्रगत बजेट बाँडफाँडका लागि आगामी आ.व. देखि नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याईएको छ । निम्न अनुसारका बिशेष नीति, कार्यक्रमका आधारमा आगामी आ.व.को बजेट निर्माण गरेको छु ।

क. **बालबालिकासँग मेयर कार्यक्रम**: गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य,बालविबाह न्युनिकरण, बालहिंसा अन्त्य, बालश्रम शोषणको अन्त्य तथा बालमैत्री नगर घोषणाका लागि विशेष प्राथमिकताका साथ **बालबालिकासँग मेयर कार्यक्रम** संचालन गर्न रु २५ लाख विनियोजन गरेको छु ।

ख) **महिलासँग उपमेयर कार्यक्रम**: एकल महिला/द्वन्द पीडित/असहाय महिला, आय-आर्जन तथा सिपमुलक तालिम तथा व्यवशाय सँचालनमा सहयोग गरी आत्म निर्भर बनाउन, महिला प्रजनन स्वास्थ्य सम्बन्धि जनचेतना तथा घरेलु हिंसा, बालविबाह, न्यूनीकरण जस्ता अभियानहरु संचालन गर्न **महिलासँग उपमेयर कार्यक्रम**संचालनका लागि रु १५ लाख विनियोजन गरेको छु ।

ग) **विपन्न नागरिककालागि विशेष कार्यक्रम** :आफ्नो घर आवास नभएका र अति बिपन्न घर परिवारका लागि रोजगार तथा सीपमुलक (टायल, प्लम्बिंग, विद्युत जडान, पेन्टींग, ड्राईभिंग, मेकानिक) आदि जस्ता पहिचानमा आधारित तालिम संचालन गरी रोजगारी प्रबर्द्धन गर्न रु ८ लाख बजेट व्यवस्था गरेको छु । अति विपन्न नागरिकहरुलाई नगर किसान हातेमालो, प्रधान मन्त्री रोजगार कार्यक्रम र कृषि तथा पशु शाखाबाट प्रवाह गरिने सेवामा अति विपन्न नागरिकहरुलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ । उद्यम गरी दिर्घकालीन आय आर्जन गर्न चाहने विपन्न नागरिकहरुको लागि उद्यम गर्न प्रोत्साहीत गर्ने उद्धेश्यले रु १३ लाख ६० हजार बजेट समेत तर्जुमा गरेको छु ।

घ) **स्वास्थ्य कार्यक्रम** : आधारभुत स्वास्थ्य सुविधाबाट बन्चित रहेका नागरिकहरुका लागि घर दैलोमा सेवा प्रदान गर्न मेयर घुम्ती स्वास्थ्य शिविरका लागि २० लाख, सशर्त अनुदान बाहेक स्वास्थ्यतर्फ २१ लाख ९२ हजार, आयुर्वेद स्वास्थ्य सेवातर्फ रु ९ लाख गरी जम्मा रु ५० लाख ९२ हजार बजेट बिनियोजन गरेको गरेको छु ।



Scanned by CamScanner

ङ) **शिक्षा क्षेत्र** :नमुना विद्यालय, गरिव तथा विपन्न छात्रवृति कार्यक्रम, शैक्षिक गुणस्तर कायम गर्न विद्यार्थी तथा अविभावक लक्षित कार्यक्रम, प्रशासनिक तथा प्रविधीमैत्री शिक्षक क्षमता विकास कार्यक्रम र प्राविधिक शिक्षा प्रबर्द्धन कार्यक्रमका लागि रु ९३ लाख बजेटबिनियोजन गरेको छ ।

च) **समुदाय सशक्तिकरण कार्यक्रम** : विकासमा सकारात्मक सोचकासाथ समुदायलाई उत्प्रेरित गरी सशक्त बनाउन र हरेक नागरिकलाई उतरदायी र जवाफदेही बनाउन टोल विकास समिति गठन गरी समुदाय परिचालन गर्न सहकर्मी समाजको साझेदारीमा समुदायिक सशक्तिरण कार्यक्रमका लागि रु २५ लाख बिनियोजन गरेको छ ।

छ) **पुर्ण सरसफाई कार्यक्रम**: टोल विकास समिति,युवा क्लव, बाल क्लव, युवा समुह तथा विद्यालय परिचालन गरी प्लाष्टिक निषेधित स्वच्छ सफा नगर निर्माण गर्न रु ३० लाख बिनियोजन गरेको छ ।

ज) **जातीय विभेद विरुद्धको अभियान संचालन** : मानवीय कलंकको रुपमा रहेको जाति विभेदको अन्त्यका लागि अभियान संचालन गर्न रु ५ लाख बजेट व्यवस्था गरेको छ ।

झ) **शिघ्र प्रभाव कार्यक्रम** (QUICK IMPACT PROGRAMME) : अधुरा, अपुरा पूर्वाधार योजनाहरुको निर्माण सम्पन्न गर्न, आकस्मिक रुपमा आईपर्ने समस्या समाधानका लागि तत्काल राहत आपुर्ती गर्ने खालका क्रियाकलापहरु संचालनका लागि समेत आबश्यक बजेट व्यवस्था गरेको छ ।

ञ) **विपद व्यवस्थापन कार्यक्रम**: आकास्मीक दुर्घटनाहरु, बाढी पहिरो नियन्त्रण, आगोलागि नियन्त्रण र महामारी तथा प्रकोप नियन्त्रणका लागि विपद् व्यबस्थापन कोषमा रु २४ लाख बजेट तर्जुमा गरेको छ ।

ट) **संस्थागत विकास तथा सुशासन प्रवर्द्धन कार्यक्रम** : गुणस्तरीय सेवा प्रवाहकालागि अध्ययन अवलोकन भ्रमण, नगरपालिकाका विभिन्न ऐन, नियमावली, कार्यविधि तथा विनियम ,बार्षिक योजना पुस्तक छपाई तथा प्रकाशन, उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम,नगर विकास रेडियो गतिविधि कार्यक्रम, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, बार्षिक समिक्षा, सेवा संचालन सँग सम्वन्धित विभिन्न सफ्ट वेयर जडान तथा विभिन्न एप्सहरुको जडान, पत्रकारहरुको संस्थागत क्षमता विकास क्रियाकलापहरु सँचालनका लागि रु १८ लाख बिनियोजन गरेको छ ।

ठ) **प्राविधिक शिक्षालयसँग नगर साझेदारी कार्यक्रम**: नेपाल सरकारको एक जिल्ला एक प्राविधिक शिक्षालय नीति अनुसार काफलचौरमा संचालन हुन गईरहेको जाजरकोट बहुप्राविधिक शिक्षालयको जग्गा व्यवस्थापनका लागि रु ४० लाख बजेट बिनियोजन गरेको छ ।

ड) **राजस्व सुदृढिकरण कार्यक्रम** : राजस्व अनुसन्धान, बजार अनुगमन, राजस्व असुलीका लागि जनचेतनामुलक अभियान, पसल दर्ता अभियान, भवन नक्सा पास कार्य, आन्तरिक नियन्त्रण लेखा परीक्षण आदी कार्यका लागि रु १० लाख बिनियोजन गरेको छ ।

ढ) **बहुक्षेत्रिय पोषण कार्यक्रम** : पोषण अवस्थामा सुधार गरी स्वस्थ नागरिक तयार गर्न एक घर एक करेसाबारी, विद्यालयमा जंकफुड निषेधित क्षेत्र घोषणा, हरियाली विद्यालय कार्यक्रम आदि जस्ता कार्यक्रमहरु संचालन गर्न रु २७ लाख ५० हजार बिनियोजन गरेको छ ।

ण) **नगर न्यायिक क्षेत्र सुदृढिकरण कार्यक्रम**: न्यायिक समितिबाट संचालन हुने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान, तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई पुनर्ताजकी तालिम, थप मेलमिलापकर्ता उत्पादन गर्न, सबै वडाहरुमा मेलमिलापक केन्द्र स्थापनाका गर्न र न्यायिक समितिको सचिवालय संचालन गर्न रु २५ लाख बजेटबिनियोजन गरेको छ ।

त) **पूर्वाधार विकास**: स साना पूर्वाधार योजनाहरु संचलन गरी बजेट दुरुपयोग गर्ने प्रथालाई अन्त्य गरी ठुला र देखिने खालका दिगो र भरपर्दो पुर्वाधार निर्माणबाट लगानी सदुपयोग गर्न एक वडा एक पूर्वाधारको नीति बमोजिम रु ४ करोड १३ लाख ६३ हजार बजेट बिनियोजन गरेको छ ।

थ) **नगर–किसान हातेमालो कार्यक्रम**: उन्नत विउ–विजन हस्तान्तरण गरी कृषि उत्पादन बृद्धि गर्न, पकेट क्षेत्र निर्धारण तथा प्याकेज कार्यक्रम संचालन गरी कृषकहरुलाई व्यवसायिकतातर्फ उन्मुख गर्न, अर्गानिक उत्पादनमा बृद्धि गर्न र कृषि उपज बजारीकरणका लागि आवश्यककार्यक्रम संचालन गर्न रु ६० लाख र पशुपंक्षी सम्बन्धी कार्यक्रम संचालनका लागि रु ४० लाख बजेट बिनियोजन गरेको छ ।

द) **खानेपानीतर्फ**: स्वच्छ पीउने पानीको सेवा नपुगेका सबै नागरिकहरुलाई क्रमशः स्वच्छ पिउने पानी उपलब्ध गराउने लक्ष्य अनुसार खानेपानी योजना निर्माणका लागि रु ८४ लाख ६० हजार बजेट तर्जुमा गरेको छ ।

ध) **प्रधानमन्त्री रोजगार कार्यक्रम**: मेरो काम– मेरो सम्मान नाराका नेपाल सरकाबाट शुरु गरिएको प्रधान मन्त्री रोजगार कार्यक्रम मार्फत श्रमिक ग्रुप परिचालन गरी रोजगारी दिन नगरपालिकाले पनि आवश्यक ध्यान दिनेछ ।

न) **संस्कृति,पर्यटन तथा सहकारी प्रबर्द्धन कार्यक्रम** : ऐतिहासिकसंस्कृति संरक्षण तथा प्रबर्द्धनका लागि नेपालका १०० ऐतिहासिक गन्तव्यमा परेको खलंगा दरवार क्षेत्र संरक्षणका लागि पुरातत्व विभागबाट बिस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भईसकेकोले सो बमोजिमको आवश्यक बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ भने मछाईना मालिका क्षेत्र, शिवालय मन्दिर परिसरको संरक्षण तथा प्रबर्द्धन गर्न संघीय तथा प्रदेश सरकारसंगको समन्वय तथा सहयोगबाट आवश्यक कियाकलापहरु संचालन गरिनेछ ।कार्य आरम्भका गर्न यसतर्फ रु २५ लाख ५० हजार बजेट बिनियोजन गरेको छ ।



Scanned by CamScanner

**सहकारी प्रबर्द्धनतर्फः** आर्थिक समृद्धिको आधारको रुपमा रहेको सहकारी क्षेत्रको पबर्द्धन तथा व्यवस्थापनका लागि रु.१६ लाख बिनियोजन गरेको छ ।

प) **वन वातावरण संरक्षण तथा जलवायू अनुकुलन योजना कार्यक्रमः** भु संरक्षण तथा वृक्षारोपन, बाढी पहिरो नियन्त्रण, आगोलागि नियन्त्रण तथा डढेलो नियन्त्रण आदि कार्यक्रमका लागि रु ४५ लाख ६२ हजार बजेट बिनियोजन गरेको छ ।

फ) **सुरक्षा तथा सहयोगकालागि नगर प्रहरी भर्ना** : नगरपालिकाको कानून कार्यान्वियन, नगरपालिकाको सम्पत्तीको संरक्षण तथा अन्य आवश्यक कार्यका लागि नगर प्रहरी व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

ब) **नमुना वस्ती विकास कार्यक्रम सँचालनः** काफलचौर देखि भेरेसम्म , पिपेदेखि बरालेक सम्म र भुरचौर देखि भुर पोखरासम्म नमुना बस्ती बिकासका लागि रु ८ लाख बजेट बिनियोजन गरेको छ ।

भ) **जेष्ठनागरिक, अशक्त–अपांग नागरिकका लागि राहत कार्यक्रमः** हाम्रो सरकार हाम्रो अविभावक नाराकासाथ जेष्ठ नागरिक तथा अशक्त अपाङ्ग नागरिकका लागि राहतमुखि कार्यक्रम संचालन गर्न रु १२ लाख बजेट बिनियोजन गरेको छ ।

य) नगर क्षेत्रभित्रका जेहेन्दार, उत्कृष्ट एवं प्रतिभाशाली दलित, जनजाति, महिला तथा विपन्न वर्गबाट प्रतिनिधित्व हुने गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सा विज्ञान अध्ययनका लागि नाम निकाल्ने ४ जना छात्र छात्रालाईछात्रबृत्ति उपलब्ध गराउने नीतिलाई आगामी आ.व. पनि निरन्तरता दिइने छ ।

र) गरिवी निवारणका लागि विभिन्न निकाय संकायबाट घुम्ती कोषको रुपमा हस्तान्तरण भई सामुदायिक संस्थाहरुमा लगानीमा रहेको सबै रकम एकित रुपमा व्यवस्थापन गरी प्रभावकारी रुपमा परिचालन गर्न कार्यविधि तर्जुमा गरी सोही कार्यविधिको आधारामा विपन्न नागरिकका लागि विपन्न नागरिक कार्यक्रममा समेटीने वर्गमा लगानी गरिनेछ ।

ल) चालु आ.व. मा नगरक्षेत्रको विकट स्थानमा संचालन गरिएको मेयर घुम्ती स्वास्थ्य शिविर तथा खलंगा सदरमुकाममा बिशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य शिविर प्रभावकारी देखिएकोले आगामी बर्षमा पनि निरन्तरता दिईनेछ ।

ध्यक्ष महोदय,

नगरपालिकाको आन्तरिक आय (कर तथा गैरकर राजश्व) संकलन सम्बन्धमा अर्थ विधेयक र खर्चको विवरण विनियोजन विधेयकबाट विस्तृत रुपमा जानकारी हुने व्यहोरा जानकारी गराउदै

माथि उल्लेखित नीति कार्यान्वयनका लागि आ.व.२०७६।७७को अनुमानित श्रोत अनुसारको प्रस्तावित आय र विषयगत क्षेत्रमा विनियोजन गरिएको बजेटको सारांश विवरण निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।



Scanned by CamScanner

चालु खर्च तर्फको अनुमानित आय तथा व्यय:

आ.व. २०७६।७७ को अनुमानित आय

| क.सं | श्रोतका क्षेत्र | /sd |
|---|---|---|
| क. चालु खर्च तर्फको अुमानित आय: | | |
| १ | संघिय सरकार (राजश्व बाँडफाँडबाट) | 10,03,00,000 |
| २ | प्रदेश सरकार (राजश्व बाँडफाँडबाट) | 11,93000 |
| ३ | आन्तरिक श्रोत बाँडफाँडबाट | 50,00,000 |
| | चालु तर्फको जम्मा रु. | 10,64,93,000 |
| ख. पुंजगत खर्चतर्फको अनुमानित आय: | | |
| १ | संघिय सरकार वित्तिय समानीकरण अनुदान | 11,76,00,000 |
| २ | प्रदेश सरकार (राजश्व बाँडफाँडबाट) | 1,03,08,000 |
| ३ | आन्तरिक श्रोत बाँडफाँड | 75,00,000 |
| | पुँजिगत खर्चको जम्मा | 13,54,08,000 |
| ग | संघिय सरकार सशर्त अनुदान | |
| | सशर्त अनुदान चालु पुँजिगत | 20,40,00,000 |
| | कुल जम्मा रु | 44,59,01,000 |

आ.व. २०७६।७७ को अनुमानित व्यय:

| क.सं | समितिको नाम | अनुमानित व्यय | | | |
|---|---|---|---|---|---|
| | | निशर्त | सशर्त | जम्मा | कैफियत |
| क. पुँजीगत खर्च: | | | | | |
| 1 | आर्थिक विकास | 1,55,11,000 | | 1,55,11,000 | |
| 2 | सामाजिक विकास | 2,58,52,000 | | 2,58,52,000 | |
| 3 | पूर्वाधार विकास | 7,13,63,400 | 5,83,00,000 | 12,96,63,400 | |
| 4 | वातावरण तथा विपद व्यवस्थापन | 1,03,40,800 | | 1,03,40,800 | |
| 5 | सुशासन तथा संस्थागत विकास | 1,03,40,800 | | 1,03,40,800 | |
| | जम्मा | 13,34,08,000 | | 13,34,08,000 | |
| ख. चालु खर्च जम्मा रु | | 10,84,93,000 | 14,57,00,000 | | k\|b]z ;/sf/nfO{ lkmtf{ ug'{kg]{ cfGtl/s cfo /sd ? 20 nfv |
| | कुल जम्मा रु | 24,19,01,000 | 20,40,00,000 | 44,59,01,000 | |



Scanned by CamScanner

२०. बजेटका प्रस्तावित लक्ष्य तथा उद्धेश्यहरु हासिल गर्नका लागि प्राथमिकतासाथ कार्यान्वयन गर्न संघीय, प्रदेश सरकार,साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरु, नीजि क्षेत्र तथा सहकारी क्षेत्रसंग समन्वय, साझेदारी तथा सहकार्यका साथ अगाडी बढ्ने नीति लिईनेछ ।

अध्यक्ष महोदय,

अन्त्यमा,

यस नगरपालिकाले लिएका वार्षिक लक्ष्य पूरा गर्न आर्थिक, प्राविधिक एवं वस्तुगत सहयोग उपलब्ध गराउनु हुने सम्पूर्ण विकास साझेदार तथा सहयोगी निकायहरु, संघीय तथा प्रदेश सरकार, जनसहभागिता मूलक योजना तर्जुमा प्रक्रियामा वडा वस्ती स्तर देखि नै सक्रिय रुपमा सहभागी हुनु हुने आम नागरिक, निर्वाचित पदाधिकारी एवं प्रतिनिधि, साझेदार निकायका प्रतिनिधि, संचारकर्मी मित्रहरु र सम्पुर्ण कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।



Scanned by CamScanner

३. भेरी नगरपालिकाको आगामी आ.व.२०७६/७७ को आन्तरिक राजस्व संकलनकालागि तर्जुमा गरिएको अर्थ विधेयक,२०७६ र आ.व.२०७६/७७ मा संचित कोषवाट बजेट खर्च गर्नकालागि बजेट तर्जुमा समितिको सिफारिश सहित पेश हुन आएको विनियोजन विधेयक २०७६ स्वीकृतिकालागि नगरसभामा पेश गर्ने ।

४. आ.व.०७४/७५ को महालेखा परीक्षकको प्रतिवेदन छलफलका लागि नगरसभामा पेश गर्ने ।

५. चालु आ.व.०७५/७६ को श्रावण १ गते देखि हालसम्म नगर कार्यपालिकाबाट भए गरेका सम्पुर्ण निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

६. यस नगर कार्यपालिकाको कार्यालयमा रहेका सवै शाखाका स्थायी/अस्थायी र करार दरबन्दीहरु स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

७. यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत तपशिलमा उल्लेखित अस्थायी करार कर्मचारीहरुको दरबन्दी अनुमोदन तथा म्याद थपका लागि नगरसभामा पेश गर्ने ।

| क.स | नामथर | पद | जिम्मेवारी | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रकाश कुमार शाही | कानुन अधिकृत | कानून न्याय तथा मानव अधिकार प्रवर्धन शाखा | ९८४८०३१२०५ | अस्थायी |
| २ | नवराज शर्मा | इन्जिनियर | प्रमुख - प्राविधिक शाखा | ९८४८०८४११२ | करार |
| ३ | सुर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | सूचना तथा प्रविधि शाखा(सुचना अधिकारी) | | करार |
| ४ | रश्मी राई | रोजगार संयोजक | रोजगार शाखा | | करार |
| ५ | पवन खत्री | सव इन्जिनियर | प्राविधिक शाखा | ९८४४८३०१४२ | करार |
| ६ | धरम प्रकाश घर्ती | सव इन्जिनियर | प्राविधिक शाखा | | करार |
| ७ | राजेन्द्र विवश पुन | स्वाकिय सचिव | नगर प्रमुखको सचिवालय | ९८६८६९०३१० | करार |
| ८ | प्रचण्ड जंग शाह | वरिष्ट सामाजिक परिचालक | ४ नं वडा कार्यालय | | करार |
| ९ | भरत कुमार शर्मा | खरिदार | आन्तरिक राजस्व उप–शाखा | ९८५८०७७५७७ | करार |
| १० | विरेन्द्र सिल घर्ती | खरिदार | वडा सचिव (१३) | ९८६८१०५६२६ | करार |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | गोरख बहादुर शाही | खरिदार | लेखा सहायक (७) | ९८६८२७४७५१ | करार |
| १२ | केशव राज पुन | अमिन | नक्सापास उपशाखा | ९८६८९३६३५० | करार |
| १३ | देव बहादुर घर्ती | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | ९८४८२९९३६१ | अस्थायी |
| १४ | धन बहादुर थापा | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | ९८६८२०१४७४ | करार |
| १५ | विष्णु बहादुर रोकाय | असिस्टेन्ट सव इन्जिनियर | प्राविधिक शाखा | ९८६७५३७९२२ | करार |
| १६ | सृजना कुमारी चौधरी | सामाजिक परिचालक | पंजिकरण तथा सामाजिक सुरक्षा शाखा | ९८५८०५५२७२ | करार |
| १७ | रमेश जंग शाह | सामाजिक परिचालक | फोहरमैला व्यवस्थापन तथा सरसफाई–उपशाखा | | करार |
| १८ | शर्मिला घर्ती | सामाजिक परिचालक | प्रशासन शाखा | ९८४४८३०५४१ | करार |
| १९ | लाल बहादुर कार्की | सामाजिक परिचालक | वडा नं.९ | ९७४८०७०८६५ | करार |
| २० | शेर बहादुर अधिकारी | हल्का सवारी चालक | सवारी | ९८६८३७४८३८ | करार |
| २१ | विष्णु वली | हेभी सवारी चालक | जे.सी.वि. | | करार |
| २२ | कृष्ण वहादुर शाही | सवारी चालक | .ट्याक्टर | | करार |
| २३ | सुदिप के.सी | का.स. | भान्से (नगर प्रमुख) | ९८६८१०४२०० | करार |
| २४ | गोपाल महतारा | का.स. | १० नं वडा कार्यालय | ९८४४८८५६१७ | करार |
| २५ | सावित्रि शाही | का.स. | का.स. | ९८४४४८०११५ | करार |
| २६ | सविना नेपाली | का.स. | का.स. | | करार |
| २७ | डिल बहादुर पुन | का.स. | २ नं वडा कार्यालय | | अस्थायी |
| २८ | विमला शाही | का.स. | ४ नं वडा कार्यालय | | करार |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | नरेश कुमार नेपाली | का.स. | नगर कार्यालय | | करार |
| ३० | राम वहादुर नेपाली | का.स. | नगर कार्यालय | | करार |
| ३१ | कमल महतरा | का.स. | नगर कार्यालय | | करार |
| ३२ | धरम चन्द | का.स. | ८ नं वडा कार्यालय | | करार |
| ३३ | कमलराज घर्ती | का.स. | ९ नं वडा कार्यालय | | करार |
| ३४ | मान वहादुर शाही | का.स. | ५ नं वडा कार्यालय | | करार |
| ३५ | निरज गाईन | का.स. | १२ नं वडा कार्यालय | | करार |
| ३६ | प्रेम नेपाली | का.स. | १३ नं वडा कार्यालय | | करार |
| ३७ | सरस्वती खड्का | का.स. | नगर कार्यालय | | करार |
| ३८ | सर्मिला सुनार | का.स. | नगर कार्यालय | | करार |
| ३९ | दर्मा राना | का.स. | १ नं.वडा कार्यालय | | करार |
| ४० | रुपा खड्का | का.स. | नगरं कार्यालय | | करार |
| ४१ | धरम वहादुर थापा | का.स. | नगर कार्यालय | | करार |
| ४२ | सन्तोस शाही | सह चालक | ट्याक्टर | | करार |
| ४३ | वल वहादुर घर्ती | सह चालक | व्याकलोडर | | करार |

८. डि.पी.आर. भईसकेका नगरपालिकाको समपुरक कोष तथा संघ र प्रदेशको साझेदारी बजेटबाट संचालन गर्न संघ र प्रदेशमा माग गर्न पुर्वाधार विकास समितिवाट सिफाशि भै आएका तपसिलमा उल्लेखित योजनाहरुलाई नगरसभामा पेश गर्ने ।

तपशिल :

Scanned by CamScanner

**क.संघीय सरकारसंग माग गर्ने योजना तथा कार्यक्रमहरु:**

- रानागाउँ–पाखेदह–नेटीबजार सडक निर्माण वडा नं. ४,६र ७
- निर्माणाधिन नगरपालिका भवन वडा नं. ३
- फेरा देखि घाग्रखोला तट्बन्धन वडा नं.७, ८, ९, १०

**ख. कर्णाली प्रदेश सरकारसंग माग गर्ने योजना तथा कार्यक्रमहरु:**

- गैरीखाली–राम मन्दिर–ठाँटी–कभर्डहल–जिल्ला अस्पताल
- पिपे –मैदे –बरालेख–घुयालनेटा–पाँचकाटीया–धरमखर्क–मछाईना–मेलटाकुरी–फेरा रिंग रोड क र ख
- कुदु रंगशाला निर्माण
- बोहरा–इवर–छिप्रेना–गंगटीया–घोरलाँस –कल्लावारी–रुखकोट–मिथेंग्रा–हुँदै सरस्वति मावि सम्म सडक निर्माण
- रिम्ना लिफ्ट खानेपानी निर्माण वडा नं.–१
- कोल्चौर लिफ्ट सिचाई योजना वडा नं.–१

९ .यस कार्यपालिका बैठकमा पेश हुन आएका डि.पी.आर नभएका तर कार्यन्वयनमा अतिआवश्यक रहेका र वस्ती स्तरवाट माग भई आएका तपशिलका योजना तथा कार्यक्रमहरु कार्यन्वयनकालागि आवश्यक बजेट विनियोजन गर्न संघ तथा प्रदेश सरकारसँग अनुरोध गर्ने ।

तपशिल

**संघ तथा कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालयमा माग गर्ने योजना तथा कार्यक्रमहरु :**

- रावतगाउँ – कोल्चौर –मैदे सडक वडा नं.–१
- वारेलादेखि मध्यपहाडि सम्म रोड ग्रावेल वडा नं.–१२
- विष्णेचौर लिफट सिचाई वडा नं.–१२
- विष्णेचौर देखि सल्यान भित्रिछिना जोड्ने झोलुङ्गे पुल जोड्ने सडक वडा नं.–१२
- बागखोलादेखि वेलगार सम्म पक्की सडक निर्माण वडा नं.–१२
- खानेपानी टंकीदेखि मालिका सम्म पैदल मार्ग सिढी रेलिंग निर्माण वडा नं.–४
- हलादेदेखि जनक पुस्तकालयसम्म खानेपानी निर्माण वडा नं.–४
- धाराखोलादेखि चौर सरालसम्म सिचाई कुलो निर्माण वडा नं.–८
- झाला हाल्ना देखि काफलचौरसम्म सडक निर्माण वडा नं.–८
- जुम्लाजाने बाटोदेखि भाटगार हुँदै शिवालयसम्म जाने कृषि सडक वडा नं.–३

Scanned by CamScanner

- ठाँटीबाट कोईरयाली हुदै जुम्ला जोडने सडक वडा नं.–३
- तल्लोथाप्ले बसपार्क वडा नं.–३
- ठाँटीबाट जाजरकोट दरवार सम्म जानेवाटो वडा नं.–३
- ज्यामिरे खा.पा. वडा नं.–२
- डिंगा बैरीताल सडक वडा नं.–२
- लिफ्टु खा.पा. भुरचौर – वडा नं.–१०
- फेरादेखि पर्सेनी रिंगरोड –वडा नं.–१०
- भुरचौ स्यावली भेरेखर्के सडक– वडा नं.–१०
- काफलिगार घोरनेटा लामाकाटीय खानेपानी
- काफालिगार सिचाई आयोजना पौरी
- दिपेन्द्र उ.मा.वि घेरावार तथा फिल्ड निमार्ण
- तिनगाड साङ देखि तल सुनारको मिल सम्मा झोलुङ्ग पुल –वडा नं– १ र ३
- प्रहरी सुशासन कार्यक्रम
- पत्रकार समृति
- यम बि.सी प्रतिष्ठान
- गोर्खा सेमेन्ट्रिज ट्रस्ट नेपाल
- बालबालिका संग मेयर
- स्वास्थय र खेलकुद कार्यक्रम
- महिला एकल भवन निर्माण –वडा नं –४
- अस्थीय प्रहरी पोष्ट होलु रावतगाउँका लागि प्रति महिना रु ५०,०० का दरले –वडा नं –१
- घट्टेखोला सानिचौर सि.आ.
- छहरी राताडाडाँ पुरानापरल सि.आ
- मालिका स्वास्थय आमा समुह –वडा नं –६(खोप केन्द्र भवन माग सम्बन्धमा)
- लाँकुरी खानेपानीको मुहान देखि चन्द्रज्वति आधारभुत विधालय सौरा सम्मा खाने पानी मर्मत योजना
- सुतारा पाखा छिन्चु जाजरकोट मेनरोड बाट अजय नगरकोटी को घरसम्मा जोडने बाटो निमार्ण –वडा नं –४
- शसस्त्रको भान्सा निमार्ण
- तरकारी संकलन केन्द्र भेरे
- मुहान संरक्षण जोखिनीगैरा देखि आरिडाव सम्मा
- खानेपानी योजना निमार्ण –वडा नं –१
- भोटेखोला सालमेला पौयार्खक सम्मा खानेपानी निर्माण –वडा नं –६

Scanned by CamScanner

- सिस्नेरी देखि डोडा हुँदै जोखिनीगौरा सम्मा पक्की पोखरी निर्माण आयोजना –वडा नं –६
- दह जोखिनीगौरी मौरीकाँडा भापाखोला हुदाँ गाडेवाज सम्मा सडक निमार्ण
- रौराखोला देखि खातीगाँउ सम्मा खानेपानी योजना निमार्ण वडा नं –७
- तल्याउन पुदला राङखोला डाँडाखोला ओर्खल सिँचाई आयोजना वडा नं– ६
- जोगीखोला देखि तल्लो बवेरा सम्म खानेपानी योजना वडा नं– ६
- तल्याउन पुदाला रांगखोलादेखि डाँडाखेत सिचाई योजना वडा नं– ६
- शान्ती चौतारा बसपार्क निर्माण वडा नं– ४
- गैरीखाली प्याराफिट तथा उद्यान पार्क निर्माण वडा नं– ४
- वुदवुदी खानेपानी योजना निर्माण वडा नं– ४
- घण्टाघर निर्माण वडा नं– ४

१०. यस कार्यालयमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीहरुलाई खाईपाई आएको पारिश्रमिकमा उल्लेख भए बमोजिमको पारीश्रमिक थप गर्न नगरसभामा पेश गर्ने ।

तपशिल :

| क्र. सं. | पद | नाम | कार्यक्रम | खाईपाई आएको पारिश्रमिक | थप गर्ने पारीश्रमिक |
|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालक | लाल बहादुर कार्की | सामुदायिक विकास कोष | रु १८०००। | ४०००। |
| २ | सामाजिक परिचालक | रमेश जंग शाह | सामुदायिक विकास कोष | रु १८०००। | ४०००। |
| ३ | सामाजिक परिचालक | सिर्जना चौधरी | सामुदायिक विकास कोष | रु १८०००। | ४०००। |
| ४ | सामाजिक परिचालक | सर्मिला घर्ती | सामुदायिक विकास कोष | रु १८०००। | ४०००। |
| ५ | पोषण स्वयंसेवक | लक्ष्मी कुमारी घर्ती | बहु–क्षेत्रिय पोषण कार्यक्रम | रु १५०००। | ५०००। |

Scanned by CamScanner

११. भेरी नगरपालिका वडा नं–३ कभर्ड हल माथिल्लो थाप्ले सडक निर्माणका क्रममा नेपाल खाद्य संस्थान जाजरकोट शाखाको कार्यालय भवन हाताको पर्खाल भत्कन गई क्षती पुगेकोले क्षती भएको पर्खाल निर्माण गर्न चालु आ.व.को समपुरक कोषबाट खर्च लेख्ने गरी रु २ लाख ५० हजार विनियोजन गर्ने ।

१२. यस नगरपालिकाको प्रशासनिक भवन निर्माणको जिम्मा लिएको गाल्वा /खडका कृष्ण जे.भी.का डाईरेक्टर श्री रत्न बहादुर खड्काले विभिन्न कारण देखाई १ (एक) वर्षको लागि म्याद थप गरिपाउं भनि निवेदन पेश गरेकोमा भवन निर्माणको अवस्था र आवस्यकतालाई मध्यनजर गरी बढीमा ६ (छ) महिनाको लागि म्यादथप गर्ने ।

१३. यस नगरपालिका क्षेत्रभित्रका विभिन्न टोल बस्तीमा गठन गरिएका विभिन्न समुह सामुदायीक सस्थाहरुमा आय आर्जन क्रियाकलाप सँचालनक लागि घुम्ती कोषको रुपमा विभिन्न सरकारी तथा गैरसरकारी कार्यक्रमबाट हस्तान्तरण भई हाल निष्क्रिय रुपमा रहेको रकमलाई एकिकृत रुपमा व्यवस्थापन गरी नगरसभाले आगामी आ.व.देखि सँचालन गर्न गईरहेको विपन्न नागरिकका लागि विशेष कार्यक्रममा आवद्ध हुने व्यक्तिहरुमा परिचालन गर्न घुम्तीकोष कार्यविधि तर्जूमा गरि कार्यन्वयन गर्न स्वीकृतिकालागि नगरसभामा पेश गर्ने ।

१४. यस नगरपालिका वडा नं. –८( साविक भुर गा.वि.स.वडा नं.–५) निवासी श्री तिलु चन्दको छोरा श्री धन बहादुर चन्दको स्पाईनल इन्जरी भई सल्यक्रिया गर्नुपर्ने कारण देखाई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्ज, काठमाण्डौलाई उपचार सहुलियतका लागि सिफारिश गरिपाउ भनि निज विरामीका नातेदार श्री नविन चन्दले अस्पताल चेकजाँच डकुमेन्ट र वडाको सिफारिश सहित सँलग्न राखि फायल निवेदन पेश गरेकोले निजको माग वमोजिम सिफारिस उपलव्ध गराउने ।

१५. संघ र प्रदेशबाट प्राप्त हुने विशेष अनुदान शिक्षा, स्वास्थ्य, सरसफाई , पोषण र लक्षित वर्गका कार्यक्रमहरुमा खर्च गर्ने स्वीकृतिकालागि नगरसभामा पेश गर्ने ।

१६. यस नगरपालिका वडा नं.८ साविक पुन्मा गाविस वडा नं. ५ निवासी श्री पृथी बहादुर पुनको छोरा श्री रमेश पुनको बाथ मुटुरोग देखिएको हुँदा मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगंज काठमाण्डौंमा उपचार गराईरहेको र नीजको आर्थिक अवस्था कमजोर भएको भनी भेरी नगरपालिका ६ नं. वडा कार्यालयको सिफारिस पत्र साथै निजको निवेदन पेश हुन आएकाले विपन्न नागरिकको औषधि उपचार कोष निर्देशिका अनुसार उपचारका लागि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगंज काठमाण्डौंमा सिफारिस गर्ने ।

१७. यस नगरपालिकाबाट युवा उद्यम कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि **युवा उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७६** स्वीकृत गर्ने ।

१८. भेरी नगरपालिका वडा नं. ४ मा रहेको बाँठाबारा खानेपानीको मुहान मर्मतका लागि रकम रु १ लाख ५० हजार रुपैयाँ अन्य शिर्षकमा खर्च हुन बाँकी हुने रकमबाट भुक्तानी हुने गरी विनियोजन गर्ने ।

१९. मिति २०१९ जुलाई १२ देखि जुलाई २१ सम्म उज्जेकिस्तानको राजधानी तासकेन्तमा आयोजना हुन गईरहेको १५ औं एशियन सिनियर कराते च्याम्पियनशिपमा भाग लिनको लागि नेपाल गोजुरियो कारातेका केन्द्रिय अध्यक्ष (एशियन जज) तथा यस नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीलाई नियमानुसार लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने गरी भ्रमणको अनुमति प्रदान गर्ने ।

Scanned by CamScanner